

# अध्याय -१3

## उपसंहारः येशू र उहाँको वचनलाई चिन्नु

यस अध्यायमा मुख्य पदहरूः यूहन्ना २१; यूहन्ना ११:९,१०; यूहन्ना ८:४२-४४; यूहन्ना ४:४६-५४; २ तिमोथी ३:१६ र यूहन्ना १५:१-११।

*यस अध्यायको मूल सार पदः "तिमीहरू धर्मशास्त्रमा खोजी गर्दछौ, किनभने त्यहाँ अनन्त जीवन पाइन्छ भनी तिमीहरू ठान्छौ। मेरो विषयमा गवाही दिने ती नै धर्मशास्त्र हुन्।" यूहन्ना ५:३९।*

मर्कूसको पुस्तक जस्तै यूहन्नाको पुस्तक पनि गालिलीमा चेलाहरूँग भेटघाट गरेर समापन गरिएको छ। यस अध्ययनको अन्तिम अध्यायमा हामी आइपुगेका छौ। पुनरुत्थान हुनुभएको येशूसँग भएको अन्तिम भेटको विवरण साथै हामीले येशूलाई र परमेश्वरको वचनलाई कसरी चिन्छौं भन्ने मामिलालाई मिलाएर यूहन्नाले प्रस्तुत गर्दछन्। यो अवधारणा सुसमाचारको चौथो पुस्तकभरी फैलिएको छ।

चेलाहरूसँग येशू तीन वर्षभन्दा बढि रहनुभएको थियो। येशूले आफ्नो मृत्यु र पुनरुत्थानको बारेमा तिनीहरूलाई बारम्बार बताएतापनि त्यो तितो सत्यको सामना गर्न तिनीहरू तयार थिएनन्।

त्यसको अर्थ हामीले यो भन्न सक्दछौं कि तिनीहरूले येशूको वचनमा विश्वास गरेनन् वा पचाउन सकेनन्।

आज पनि हामी त्यही मनस्थितिको खतरामा पर्न सक्छौंः हामी परमेश्वरको वचन सुन्छौं, अनेकौं प्रभावकारी प्रवचन सुन्छौं, बाइबल पनि

पढ्छौं तर यसलाई नसुन्न पनि सक्छौं, यस अनुसार चल्न असमर्थ पनि हुन्छौं र यसमा लेखिएका आज्ञा तथा निर्देशनहरू पालन पनि नगर्न सक्छौं। हाम्रा कामक्रियाकलाप, गितविधि र सोचलाई हामीले पाएको आत्मज्ञानको ज्योति अनुसार नचलाइरहेका हुन्छौं। दुर्भाग्यवस, धेरै इसाईहरू नै यस धारमा परिरहेको हामी पाउँछौं।

*यस अन्तिम अध्यायमा यूहन्नाको सुसमाचारमा दिएका केही मुख्य विषयवस्तुहरूको समिक्षा गर्नेछौं। यसले येशूलाई विश्वास गर्छु वा चिनेको छु भनेर ओठेभक्तिबाट पार हुन सहयोग हुनेछ। उहाँसँग अझ घनिष्ठरूपमा कसरी रहने र उहाँको वचनलाई हाम्रो दिमाग र हृदयमा कसरी घुसाउने भनेर नियाल्नेछौं।*

## १. गालिलमा भेट

यूहन्ना २१:१-१९ पढ्नुहोस्। यहाँ हामी सबैको निम्ति के निर्णायक सत्यलाई प्रकट गरिएको छ? विशेष गरेर परमेश्वरको अनुग्रह र मानव नम्रतामा ध्यान दिएको पढ्नुहोस्। हेर्नुहोस्, " १ त्यसपछि चेलाहरूकहाँ तिबेरियास समुद्रको छेउमा येशूले फेरि आफूलाई प्रकट गर्नुभयो। उहाँले आफूलाई यसरी प्रकट गर्नुभयोः २ सिमोन पत्रुस, दिदुमस भन्ने थोमा, गालीलका काना नगरका नथानेल, जब्दियाका दुई छोराहरू र उहाँका चेलाहरूमध्ये अरू दुई जना एकसाथ थिए। ३ सिमोन पत्रुसले तिनीहरूलाई भने, "म माछा मार्न जाँदैछु।" तिनीहरूले उनलाई भने, "हामी पनि तिमीसँग आउँछौं।" तिनीहरू गएर डुङ्गामा चढ़े, तर त्यो रात तिनीहरूले केही पक्रेनन्। ४ बिहान हुन लागेको थियो, येशू किनारमा खड़ा हुनुभयो। तर चेलाहरूले उहाँ येशू नै हुनुहुन्छ भनी चिनेनन्। ५ येशूले तिनीहरूलाई भन्नुभयो, "बालक हो, तिमीहरूसँग केही माछा छ?"

तिनीहरूले उहाँलाई उत्तर दिए, "छैन।" ६ उहाँले तिनीहरूलाई भन्नुभयो, "जाल डुङ्गाको दाहिनेपट्टि हान, अनि भेट्टाउनेछौ।" तब तिनीहरूले जाल हाने, र माछाहरूको थुप्रोले गर्दा तिनीहरूले जाल तान्न सकेनन्। ७ येशूले प्रेम गर्नुहुने चेलाले पत्रुसलाई भने, "उहाँ प्रभु पो हुनुहुँदोरहेछ।" "उहाँ प्रभु हुनुहुँदोरहेछ" भन्ने सुनेर सिमोन पत्रुसले आफ्नो बाहिरी वस्त्र कम्मरमा लपेटे, किनभने तिनले वस्त्र खोलेका थिए, र समुद्रमा हामफाले। ८ अरू चेलाहरू डुङ्गामै बसी जाल तान्दै आए। तिनीहरू किनारदेखि टाढ़ा होइन, तर प्रायः सय मिटर जतिमा थिए। ९ जब तिनीहरू किनारमा उत्रे, तब तिनीहरूले कोइलाको भुङ्ग्रोमा माछा राखिएका र रोटी देखे। १० येशूले तिनीहरूलाई भन्नुभयो,

"तिमीहरूले भर्खरै पक्रेका माछाबाट केही ल्याओ।" ११ तब सिमोन पत्रुसले डुङ्गामा चढ़ेर एक सय त्रिपन्न वटा ठूला-ठूला माछाले भरिएको जाल पाखामा तानी ल्याए, तर यति धेरै भए तापनि जाल फाटेन। १२ येशूले तिनीहरूलाई भन्नुभयो, "आएर खाओ।" चेलाहरूमध्ये कसैले पनि "तपाईं को हुनुहुन्छ?" भनी सोध्ने आँट गरेन, किनकि तिनीहरूले उहाँ प्रभु हुनुहुन्छ भनी जान्दथिए। १३ येशू आउनुभयो र रोटी लिएर तिनीहरूलाई दिनुभयो, र त्यसै गरी माछा पनि दिनुभयो। १४ मृतकबाट जीवित भइउठ्नुभएपछि येशू चेलाहरूकहाँ प्रकट हुनुभएको यो तेस्रो पल्ट थियो। १५ जब तिनीहरूले खाइसके, तब येशूले सिमोन पत्रुसलाई भन्नुभयो, "यूहन्नाका छोरा सिमोन, के तिमी मलाई यिनीहरूभन्दा बढ़ी प्रेम गर्दछौ?" तिनले उहाँलाई भने, "ज्यू प्रभु, तपाईं जान्नुहुन्छ, म तपाईंलाई प्रेम गर्छु।" उहाँले तिनलाई भन्नुभयो, "मेरा पाठाहरूलाई खुवाऊ।" १६ उहाँले फेरि दोस्रो पल्ट तिनलाई भन्नुभयो, "यूहन्नाका छोरा सिमोन, के तिमी मलाई प्रेम गर्दछौ?" तिनले उहाँलाई भने, "ज्यू, प्रभु, तपाईं जान्नुहुन्छ, म तपाईंलाई प्रेम गर्छु।" उहाँले तिनलाई भन्नुभयो, "मेरा भेड़ाहरूको हेरचाह गर।" १७ उहाँले तिनलाई तेस्रो पल्ट भन्नुभयो, "यूहन्नाका छोरा सिमोन, के तिमी मलाई प्रेम गर्छौं।" पत्रुस दुःखित भए, किनकि उहाँले तेस्रो पल्ट तिनलाई "के तिमी मलाई प्रेम गर्छौं?" भन्नुभयो। तिनले उहाँलाई भने, "प्रभु, तपाईं सब कुरा जान्नुहुन्छ। म तपाईंलाई प्रेम गर्दछु भनी तपाईंलाई थाहा छ।" येशूले तिनलाई भन्नुभयो, "मेरा भेड़ाहरूलाई खुवाऊ। १८ साँच्चै, म तिमीलाई भन्दछु, जब तिमी जवान थियौ तिमी आफैले आफ्नो पटुका बाँध्थ्यौ, र जहाँ इच्छा लाग्छ जान्थ्यौ। तर जब तिमी बूढ़ा हुनेछौ, तब तिमीले आफ्ना हात पसार्नेछौ, र अरूले तिम्रो पटुका बाँधिदिनेछ, र तिमी जहाँ जान चाहँदैनौ त्यहाँ लगिनेछौ।" १९ कुन किसिमको मृत्युद्वारा तिनले परमेश्वरको महिमा गर्नेछन्, त्यसको सङ्केत गर्दै उहाँले यो भन्नुभएको थियो। यति भनेर उहाँले तिनलाई भन्नुभयो, "मेरो पछि लाग।"

यूहन्नाको पुस्तक किन लेखिएको भन्ने उद्देश्यलाई कोरेर अध्याय २० समाप्त गरिएको छ। यो पुस्तकको निश्कर्ष यहीं अध्यायमा भएको तर्क गर्न सक्छौं। तर अर्को थप अध्याय पनि छ। कतिपय चेलाहरू गालिलमा फर्केका थिए भनेर अध्याय २१ सुरु गर्दछ। तिनीहरू रातभर तलाउमा थिए भन्ने पत्रुसको भनाइले आभास दिन्छ। तिनीहरूको पुरानो जीवन फर्केको जस्तो

देखिन्छ। चेलाहरू पुरानै माछा मार्ने पेशामा फर्केको देखिन्छ। तर तिनीहरूले रातभर माछा समात्न खोज्दा एउटा पनि समात्न सकेका थिएनन्।

बिहान एक जना रहस्यमय व्यक्ति तलाउको किनारामा देखा पर्छन्। जालीलाई दायाँतिर खसाल भनेर उनले अऱ्हाउँछन्। अनि तिनीहरूले यतिका थुप्रो माछा पक्रेकि तिनीहरूले जाली तान्न सकेनन्। यो येशूसँगको सेवाकार्यको सुरु जस्तै थियो (लूका ५:१-११)। यूहन्नाले तुरन्तै येशूलाई चिन्छन् र पत्रुसलाई बताउँछन्। अनि पत्रुस पानीमा हाम फालेर पौडी खेलेर येशूकहाँ जान्छन्।

येशूले पत्रुसलाई तीन प्रश्न गर्नुहुन्छ। ती प्रश्नहरूले तिनीहरूका स्वामी येशूलाई प्रेम गर्छ कि भन्ने सन्दर्भमा थियो। येशूलाई क्रूसमा टाँगिनुभन्दा पहिले पत्रुसले आफ्नो जीवन येशूको निम्ति फ्याल्न तयार थिए भनेर जिकिर गरेका थिए (यूहन्ना १३:३७)। त्यसैबेला पत्रुसले तीन पल्ट येशूलाई चिनेको छैन भनेर दावी गर्नेछन् भनेर भविष्यवाणी बोल्नुभएको थियो (यूहन्ना १३:३८)। जब गालिलमा येशूसँग पत्रुको भेट हुन्छ तब आफ्नो विगतको कुरालाई सम्झिन्दैनन् र येशूलाई यो आस्वास्त पार्दछन्, "प्रभु, तपाईंलाई सबै थोक थाहा छ। तपाईंलाई थाहा छ म तपाईंलाई प्रेम गर्छु" (यूहन्ना २१:१७)।

कतिपयले येशूले पत्रुसलाई प्रश्न गर्दा क्रियापद आगापाओ agapao अर्थात् प्रेम गर्नु प्रयोग गर्नुभएको भनेर बुझ्दछन्। तर पत्रुसले जहिले पनि फिलेलिओ phileo प्रयोग गरेका थिए। यसको अर्थ साथीलाई माया गर्छु भन्ने जस्तै थियो।

तर पत्रुसले नम्र भएर जवाफ दिन्छन्। येशू प्रति आफूले देखाएको बफादारित असफल भएकोले उनी अत्यन्तै तल झुकेर येशूलाई प्रेम गर्छु भनेको हुनुपर्छ। येशू प्रति आफ्नो गहिरो प्रेम देखाउन आफू त्यस्तो सक्षम् नभएको आभास उनले दिएका थिए। पत्रुसको नम्रतामा नै येशूले सहमत जनाउनुहुन्छ। यो नै पत्रुसको सेवाकार्यको पुनर्स्थापनाको निर्णायक प्रतिवद्धता थियो। येशूको निम्ति सेवाकार्यमा लाग्न नम्रता सबभन्दा महान् गुण हुनुपर्छ किनभने यसले आफूलाईभन्दा येशूतिर केन्द्रिभुत भएर सेवा गर्न लगाउँछ।

पत्रुसको पुनर्स्थापना र सुरुको चर्चमा उनले खेलेको भूमिकाले येशू मृत्युबाट बौरिउठ्नुभयो भन्ने सबभन्दा बलियो प्रमाण थियो। यदि अरू

चेलाहरूको सामु पत्रुसलाई येशूले प्रतिस्थापित गर्नुभएन भने उनको सेवाकार्यमा उनले गर्ने नेतृत्व कमसल हुन्थ्यो।

***प्रभु येशूलाई चिन्न र उहाँको पछि लाग्न मुख्य गुण किन नम्रता हुनुपर्छ? क्रूसको सन्दर्भमा हामी आफैले आफैलाई गौरव गर्ने कुरो के छ त?***

## २. येशूमा आँखा राख्नु

**यूहन्ना २१:२०-२२ पढ्नुहोस्। पत्रुसलाई कुन प्रश्नले गर्दा गलत बाटोमा लागेका थिए? येशूले उनको बाटोलाई कसरी सिधा पार्नुभयो? हेर्नुहोस्, "२० पत्रुसले पछि फर्केर हेर्दा येशूले प्रेम गर्नुहुने चेलालाई पछिपछि आउँदैगरेका देखे। यिनले नै बेलुकीको भोजनको बेलामा उहाँको छातीमा ढल्केर, "प्रभु, तपाईंलाई पक्राइदिने को हो?" भनी सोधेका थिए। २१ तिनलाई देखेर पत्रुसले येशूलाई भने, "प्रभु, यिनको चाहिँ के हुने?" २२ येशूले पत्रुसलाई भन्नुभयो, "म नआएसम्म तिनी पर्खिरहून् भन्ने मेरो इच्छा भए पनि तिमीलाई के? तिमी मेरो पछि लाग।"**

येशूले पत्रुसको सेवाकार्यलाई भर्खरै पुनर्स्थापित गर्नुभएको थियो र "मेरो पछि लाग" (यूहन्ना २१:१९) भन्नुभएको थियो। तालको किनारामा पत्रुसले येशूलाई पछ्याइ रहेको हुनुपर्दछ। अनि उनी पछाडि फर्किन्दा उहाँको पछि यूहन्ना पनि आइरहेको उनले देखे, अनि उनलाई औँल्याएर पत्रुसले सोध्छन्, "तर प्रभु यो मानिसचाहीँ के हुने हो?" यूहन्ना २१:२१ रूपान्तरित।

पत्रुसको सेवाकार्यलाई पुनर्स्थापना गर्नुभएपछि पत्रुस कुन गतिले मर्नु पर्नेछ भनेर येशूले भविष्यवाणी गर्नुभएको थियो (यूहन्ना २१:१८)। यूहन्नाको मृत्युको बारेमा पनि पत्रुस उत्सुक भएको देखिन्छ। आफूलाई पछ्याउन पत्रुसलाई येशूले फेरि निर्देशन दिनुहुन्छ र अर्को चेलालाई के हुनेछ सो चिन्ता नगर्नु भन्नुभएको थियो।

**यूहन्ना २१:२३-२५ पढ्नुहोस्। येशूको भनाइलाई कसरी गलत सम्झेका थिए? यूहन्नाले त्यस गलत बुझाइलाई कसरी सच्याएका थिए? हेर्नुहोस्, " २३ यसैकारण ती चेला मर्दैनन् भन्ने कुरा भाइहरूका बिचमा फैलियो। येशूले तिनी मर्दैनन् भन्नुभएको थिएन, तर "म नआएसम्म तिनी पर्खिरहून् भन्ने मेरो इच्छा भए पनि तिमीलाई के?" भन्नुभएको थियो। २४ यी ती नै चेला हुन्, जसले यी कुराका विषयमा गवाही दिँदछन्, र यी कुरा लेखेका छन्, अनि हामी जान्दछौं कि तिनको गवाही साँचो छ। २५ येशूले अरू पनि धेरै काम**

**गर्नुभयो। तीमध्ये प्रत्येकको बारेमा लेखिने हो भने, मलाई यस्तो लाग्छ, कि तिनका विषयमा लेखिएका पुस्तकहरू संसारैभरि पनि अटाउने थिएनन्।"**

कतिपय मानिसले येशूको यो भनाइको अर्थलाई गलत सम्झेका छन्, "येशूले पत्रुसलाई भन्नुभयो, "म नआएसम्म तिनी पर्खिरहून् भन्ने मेरो इच्छा भए पनि तिमीलाई के? तिमी मेरो पछि लाग।" यूहन्ना २१:२२। यूहन्नाको मृत्युभन्दा पहिले येशू आउनुहुनेछ भनेर कतिले यसलाई व्याख्या गर्छन्। समय बित्दै जाँदा यूहन्नाको उमेर धेरै ढल्केको थियो। येशू आउनुभन्दा अघि उनी मरेको भए उनलाई ठूलो आपद हुन्थ्यो। आखिरमा उनी त मरेका थिए। यो गलत धारणालाई यूहन्नाले सच्याउँछन् र भन्छन् यो त येशूको इच्छा हो तर के हुने भन्ने भविष्यवाणी उहाँले गर्नुभएको थिएन।

मुख्य धारणा त यो छ कि हाम्रा आँखाहरू अरू मानिसहरू वा चर्चकै अगुवाहरूमा होइन तर येशूमा राखिरहनुपर्छ। यो भावना यस अध्यायको प्रभावकारी विषयवस्तु हो। येशू, र येशू मात्रै हाम्रो मुक्तिदाता हुनुहुन्छ। कतिपय चाहे आत्मिक अगुवाहरू नै किन नहून् तिनीहरूले तपाईंलाई निराश पार्न सक्छन्, तपाईको चित्त पनि दुखाउनु सक्छन् र नोक्सान पनि गर्न सक्छन्।

अरू मानिसहरूले हामीलाई जतिसुकै सहायता गरेतापनि, सरसल्लाह दिएतापनि र अगुवाइ गरेतापनि आखिरमा येशू नै मात्र हाम्रो अन्तिम स्वामी र अगुवा हुनुपर्दछ। परमेश्वरको वचनले उहाँलाई कसरी पछ्याउने भनेर स्पष्ट पार्दछ। त्यसकारण, बाइबलकै आधारमा हामीले येशूलाई पछ्याउने आत्मज्ञान हुनु जरुरी छ।

***तपाईंले अगुवाहरू भनेर विश्वास गरेतापनि कतिपय समयमा तपाईंलाई निराश पार्नुभएको छ? त्यस अनुभव कठिन वा तितो भएतापनि त्यसबाट तपाईंले के पाठहरू सिक्नुभएको छ?***

## ३. ज्योति र अन्धकार

**ज्योति र अन्धकारको बिचमा के भिन्नता छ? अर्थात् परमेश्वरबाट आएको आत्मज्ञान र यस संसारले मानिसलाई फसाउने दिने आत्मज्ञानमा के भिन्नता छ? हाम्रो विश्वासको आधार नै सत्यलाई बुझ्नु किन छ? हेर्नुहोस् देहायका पदहरू: " ४ उहाँमा जीवन थियो, र त्यो जीवन मानिसहरूको ज्योति थियो। ५ त्यो ज्योति अन्धकारमा चम्कन्छ, र अन्धकार त्यसमाथि विजयी भएको छैन। ६ परमेश्वरबाट पठाइएका एक जना मानिस थिए, जसको नाउँ यूहन्ना थियो। ७ उनीद्वारा सबैले विश्वास गरून् भनेर त्यस ज्योतिको गवाही दिन उनी साक्षी**

भई आए। ८ उनी आफै त्यो ज्योति थिएनन्, तर त्यस ज्योतिको गवाही दिन आए। ९ हरेक मानिसलाई ज्ञान प्रदान गर्ने साँचो ज्योति संसारमा आउँदैहुनुहुन्थ्यो। १० उहाँ संसारमा हुनुहुन्थ्यो, संसार उहाँद्वारा बनियो, तापनि संसारले उहाँलाई चिनेन।" यूहन्ना १:४-१०; "१९ फैसलाचाहिँ यही होः ज्योति संसारमा आएको छ, र मानिसहरूले ज्योतिभन्दा बरु अन्धकारलाई रुचाए, किनकि तिनीहरूका काम दुष्ट थिए। २० किनभने दुष्ट काम गर्ने हरेकले ज्योतिलाई घृणा गर्छ, र ज्योतिमा आउँदैन, नत्रता त्यसका काम प्रकट हुनेछन्। २१ सत्यद्वारा जिउने मानिस ज्योतिमा आउँछ, र यसरी उसले गरेका कामहरू परमेश्वरमा गरिएका हुन् भन्ने प्रस्टै देखिन्छ।" यूहन्ना ३:१९-२१; "यूहन्ना बल्दो र चम्किलो बत्ती थिए, र तिमीहरू उनको प्रकाशमा थोरै समय आनन्द मनाउन राजी भयौ।" ५:३५; "येशूले फेरि तिनीहरूलाई भन्नुभयो, "म संसारको ज्योति हुँ। मलाई पछ्याउने अन्धकारमा हिँड्डुल गर्नेछैन, तर त्यसले जीवनको ज्योति पाउनेछ।" यूहन्ना ८:१२; "१ त्यहाँबाट जाँदैगर्दा येशूले एक जना जन्मैको अन्धालाई देख्नुभयो। २ उहाँका चेलाहरूले उहाँलाई सोधे, "रब्बी, कसले पाप गर्‍यो, यसले कि यसका आमा-बुबाले, र यो अन्धो जन्म्यो?" ३ येशूले जवाफ दिनुभयो, "न त यसले पाप गर्‍यो न यसका आमा-बुबाले, तर यो यस हेतुले भयो कि परमेश्वरको काम यस मानिसको जीवनमा प्रकट होस्। ४ मलाई पठाउनुहुनेका कामहरू हामीले दिन छँदै गर्नुपर्छ। रात आउँछ, जब कसैले काम गर्न सक्दैन। ५ म संसारमा रहुञ्जेल म संसारको ज्योति हुँ।" यूहन्ना ९:१-५; "९ येशूले जवाफ दिनुभयो, "के दिनमा बाह्र घण्टा हुँदैनन् र? दिनमा हिँड्डुल गर्नेलाई ठेस लाग्दैन, किनभने तिनले यस संसारको ज्योति देख्तछन्, १० तर राती हिँड्डुल गर्नेलाई ठेस लाग्छ, किनभने त्यस मान्छेमा उज्यालो हुँदैन।" यूहन्ना ११:९-१० र "३५ येशूले तिनीहरूलाई भन्नुभयो, "अझ अलि बेरसम्म ज्योति तिमीहरूसँग छ। ज्योति तिमीहरूसँग छउञ्जेल हिँड्डुल गर, ताकि अन्धकारले तिमीहरूलाई नढाकोस्। कोही अन्धकारमा हिँड्डुल गर्छ भने, त्यसले आफू कहाँ गइरहेछु, सो थाहा पाउँदैन। ३६ जबसम्म ज्योति तिमीहरूसँग छ ज्योतिमा विश्वास गर, र तिमीहरू ज्योतिका सन्तान होओ।" यी कुरा भन्नुभएपछि, येशू त्यहाँबाट जानुभयो, र तिनीहरूबाट लुकेर बस्नुभयो।" यूहन्ना १२:३५-३६।

(यस संसारको बारेमा यशैयाले यसरी ठोकुवा गरेका छन्, " तब तिनीहरूले पृथ्वीतिर हेर्नेछन्, तर त्यहाँ दुःख, अन्धकार र डरलाग्दो नैराश्य मात्र

देख्नेछन्। अनि तिनीहरू घोर अन्धकारमा जाकिनेछन्।" यशैया ८:२२ अनुवादकको थप)।हो, यस संसार अन्धकारमय छ; यसले ज्योतिलाई आफूभित्र आउन दिँदैन। आफ्नै प्रयास, बुद्धिज्ञान, दर्शन वा धर्मकर्मद्वारा सत्य परमेश्वरकहाँ आउन सक्दैन। सृष्टिकर्ता, हामीलाई विभिन्न माध्यमहरूद्वारा प्रकट गर्नुहुने र हामीलाई मुक्तिदिने सनातन परमेश्वर पिताकहाँ अन्धकारले ग्रसित संसार आउन सक्दैन।

"मानव प्राणीले परमेश्वरको दिव्यज्ञानलाई आफ्नै प्रयासमा आर्जन गर्न सक्दैन। " ८ त्यो त स्वर्गभन्दा अल्गो छ, तपाईं के गर्न सक्नुहुन्छ?

त्यो ता चिहानभन्दा गहिरो छ, तपाईं के जान्न सक्नुहुन्छ? ९ त्यसको नाप पृथ्वीभन्दा लामो छ, र समुद्रभन्दा चौड़ा छ।" अय्यूब ११:८-९। पवित्र आत्माले हामीलाई परमेश्वरको सन्तान बनाउनुभयो भने मात्र परमेश्वरको गहिरा थोकहरूलाई प्रकट गराउन सक्दछ। 'यो आँखाले देखेको छैन, कानले पनि सुनेको छैन न त मानव हृदयमा कहिल्यै पसेको छ।' परमेश्वरले हामीलाई उहाँको पवित्र आत्माले मात्र ती ज्ञानहरूलाई प्रकट गर्नुभएको छ।"-द *डिजाएर अभ एजेज,* पृ.४१२।

परमेश्वरलाई पिता भनेर केवल येशू ख्रीष्टले मात्र घोषणा गर्नुभएको थियो (यूहन्ना १:१८)। ग्रीक क्रियापद एक्सजिओमाइ exegeomaiको अर्थ व्याख्या गर्नु, अर्थ लगाउनु, वयान गर्नु, स्पष्ट पार्नु हो। यूहन्नाले येशूलाई स्वर्गको सन्देशवाहक भनेर प्रस्तुत गरेका छन्। उहाँले मात्र परमेश्वर को हुनुहुन्छ भनेर व्याख्या गर्न सक्नुहुन्छ। येशूद्वारा मात्रै हामीले सत्य परमेश्वरको पहिचान गर्न सक्छौं।

**देहायका पदहरू पढ्नुहोस्। इस्राएलका धर्मगुरुहरूले गरेका विश्वास वा शिक्षादीक्षा झुटो जगमा आधारित हो भनेर येशूले कसरी ठोकुवा गर्नुभएको थियो? हेर्नुहोस्, " ४२ *येशूले तिनीहरूलाई भन्नुभयो, "परमेश्वर तिमीहरूका पिता हुनुहुँदो हो त तिमीहरूले मलाई प्रेम गर्नेथियौ, किनभने म परमेश्वरबाट निस्किआएँ। म आफ्नै इच्छाले आएको होइनँ, तर उहाँले मलाई पठाउनुभयो। ४३ मैले भनेको तिमीहरू किन बुझ्दैनौ? किनभने तिमीहरूले मेरो वचन सुन्न सक्दैनौ। ४४ तिमीहरू आफ्नो पिता दियाबलसका हौ, र तिमीहरूका पिताको इच्छा पूरा गर्ने तिमीहरूको सङ्कल्प छ। त्यो त सुरुदेखि नै हत्यारा थियो, र सत्यसँग त्यसलाई केही वास्ता छैन। किनभने त्यसमा केही सत्य छैन। जब त्यसले झूट बोल्दछ, त्यो आफ्नै स्वभावअनुसार बोल्दछ, किनभने त्यो झूटो हो र***

*झूटको पिता हो।* ४५ म सत्य बोल्दछु, तर तिमीहरू मलाई विश्वास गर्दैनौ। ४६ तिमीहरूमध्ये कसले मलाई पापको दोष लाउन सक्छ? यदि म सत्य बोल्दछु भने, किन तिमीहरू ममाथि विश्वास गर्दैनौ? ४७ जो परमेश्वरको हो, त्यसले परमेश्वरका वाणी सुन्दछ। तिमीहरू परमेश्वरका होइनौ, यसैकारण तिमीहरू सुन्दैनौ।" यूहन्ना ८:४२-४७।

जो सत्यमा अडिग हुँदैन तिनीहरूले आफ्नै स्रोतहरूबाट बोल्दछन्। परमेश्वरको वचन तिनीहरूले तिनीहरूकै मानवीय दृष्टिकोणले हेर्दछन्। त्यसको विपरित येशू संसारको ज्योति हुनुहुन्छ र हामीले बाइबललाई व्याख्या उहाँकै अनुसार गर्दछौं। तर सैतानले उसको आफ्नै स्रोतहरूबाट बोल्दछ (यूहन्ना ८:४४)। यदि हामी होशियार भएनौं र विश्वासद्वारा परमेश्वरको आज्ञा अनुसार उहाँमा समर्पित भएनौं भने हामी पनि ती धर्मगुरुहरू जस्तै हुनेछौं। बाइबल त पढिन्छ तर हाम्रो चाहना, महत्त्वाकाँक्षा र दृष्टिकोणले हेर्दछौं। त्यसो गर्न हामीलाई सजिलै लाग्न सक्छ।

*तपाईंलाई धक्का दिने सत्यहरूलाई तपाईंले कसरी लिन सक्नुहुन्छ?*

## ४. धर्मशास्त्रको ज्ञान वा आत्मिक विद्या "माथिबाट" वा "तलबाट"

कुन समस्या लिएर एक जना यहूदी उच्च अधिकारी येशूकहाँ आएका थिए? उनले ल्याएका समस्याको मूद जड के थियो? हेर्नहोस्, "४६ त्यसपछि उहाँ फेरि गालीलको काना नगरमा आउनुभयो, जहाँ उहाँले पानीलाई दाखमद्य बनाउनुभएको थियो। कफर्नहुममा एक जना उच्च अधिकारी थिए, जसको छोरो बिरामी थियो। ४७ येशू यहूदियाबाट गालीलमा आउनुभएको छ भन्ने सुनेर तिनी उहाँकहाँ गए, अनि तिनको छोरालाई आएर निको पारिदिन भनी उहाँलाई बिन्ती गरे, किनकि तिनको छोरो मर्नै आँटेको थियो। ४८ येशूले तिनलाई भन्नुभयो, "तिमीहरू चिन्ह र अचम्मका कामहरू नदेखेसम्म कुनै रीतिले विश्वास गर्दैनौ।" ४९ ती उच्च अधिकारीले उहाँलाई भने, "हजूर, मेरो छोरो मर्नुभन्दा अघि नै आइदिनुहोस्।" ५० येशूले तिनलाई भन्नुभयो, "जाऊ, तिम्रो छोरो बाँच्नेछ।" येशूले तिनलाई भन्नुभएको वचन ती मानिसले विश्वास गरे, र आफ्नो बाटो लागे। ५१ अनि तिनी जाँदैगर्दा बाटैमा तिनका चाकरहरूले तिनलाई भेटेर तिनको छोरा बाँच्यो भनी तिनलाई बताए। ५२ कुन घड़ीदेखि त्यसलाई सन्चो हुन लाग्यो भनी तिनले तिनीहरूलाई सोध्दा तिनीहरूले भने, "हिजो दिउँसो एक बजेदेखि जरोले तिनलाई छोड्यो।" ५३ येशूले तिनलाई "तिम्रो छोरो बाँच्नेछ" भन्नुभएको घड़ीदेखि नै हो रहेछ भनी बाबुले थाहा पाए। अनि तिनी आफैले र

**तिनका सारा परिवारले विश्वास गरे। ५४ यहूदियाबाट गालीलमा आएर येशूले गर्नुभएको यो दोस्रो चिन्ह थियो।" यूहन्ना ४:४६-५४**

यस उच्च अधिकारी वा हाकिम येशूकहाँ आएका थिए। उनी संसारको ज्योतिसामु आफ्नो गम्भीर समस्या लिएर आएका थिए। त्यो समस्या थियो उनको प्रिय छोरो अत्यन्तै बिरामी। तर, यदि येशूले उनको छोरोलाई निको पार्नुभएन भने उहाँलाई विश्वास नगर्ने उनको पूर्व अडान थियो। त्यस मानिसको आत्मिक ज्ञान वा धार्मिक विज्ञान संसारबाट आएको थियो भनेर हामी भन्न सक्दछौं। संसारको लोकप्रिय धर्म, दर्शन, वाद आदिले परमेश्वर र परमेश्वरको वचनलाई आफ्नै स्तरमा मूल्याङ्कन गर्दछ वा जाँच्दछ। मानवीय दृष्टिकोण, धारणाहरू जतिसुकै कमसल, सिमित र मानिस वा मानिसको ज्ञानमा केन्द्रित भएतापनि परमेश्वरको वचन कसरी व्याख्या गर्ने अन्तिम अधिकार तिनीहरूमा नै भएको विश्वास गरिन्छ। हाम्रो अध्यात्मिक वा आत्मिक जीवनको रेखालाई ती मानविय धार्मिक विद्या, धर्म, दर्शन वा वादमा फसाउनु अत्यन्तै खतरा हुन्छ।

तर त्यसको विपरित "माथिबाट" आउने धार्मिक वा दिव्यज्ञान र दर्शनलाई विश्वासद्वारा ग्रहण गरिन्छ। यसले परमेश्वर र उहाँको वचनमा पहिला विश्वास गराउँछ (यूहन्ना ४:४८; यूहन्ना ६:१४,१५; २ तिमोथी ३:१६)। जब बाइबललाई आस्था र विश्वासको आधारमा ग्रहण गरिन्छ तब बाइबललाई व्याख्या गर्ने औजार बाइबल नै हुन जान्छ। बाइबलमा आधारित संसारको बारेमा धारणालाई बुझ्न बाइबलको ज्ञान र बाइबललाई बुझाउन बाइबल नै अपरिहार्य भएको बाइबलको विद्यार्थीहरूले जिकिर गर्दछन्। यस संसारका विभिन्न दर्शन, विद्या, वाद आदि प्रति तिनीहरू सजग होला तर सबै थोक हेर्ने, जाँच्ने र निर्धारण गर्न अधिकारिक मापदण्ड बाइबल नै हुनुपर्दछ। मानवीय धारणा वा दृष्टिकोणहरू परमेश्वरको वचनले निर्धारण गर्नु पर्छ वा वचनको अधिनमा बस्नुपर्दछ, तर मानवीय धारणा र दृष्टिकोणहरूले परमेश्वरको वचनलाई अधिनमा राख्ने होइन।

धर्मशास्त्र बाइबलका वचनहरूमा हामीले विश्वास गर्नैपर्छ। पूरा बाइबल येशूका लवजहरू हुन् भनेर हामीले आत्मसात गर्नुपर्छ (यूहन्ना ५:४६,४७)। यस मामिलामा येशूले यसरी व्यक्त गर्नुभएको छ, " येशूले आफूमाथि विश्वास गर्ने यहूदीहरूलाई भन्नुभयो, "तिमीहरू मेरो वचनमा रह्यौ भने तिमीहरू साँच्चै मेरा चेला हौ। ३२ तब तिमीहरूले सत्य के हो सो

जान्नेछौ, र सत्यले तिमीहरूलाई स्वतन्त्र तुल्याउनेछ।" यूहन्ना ८:३१-३२ (अर्थात् येशूबिनाको जीवन मानवीय धारणा, दर्शन, वाद, धर्म, परम्परा, संस्कार आदिको दास हुन्छ-अनुवादक)। येशूले थप आफ्नो भावनालाई यसरी व्यक्त गर्नुहुन्छः " ४७ "कसैले मेरा वाणी सुन्छ, र ती पालन गर्दैन भने, म त्यसको न्याय गर्दिनँ। किनभने म संसारको न्याय गर्न आएको होइनँ, तर संसारलाई बचाउन आएको हुँ। ४८ *मलाई इन्कार गर्ने र मेरा वाणी ग्रहण नगर्नेको लागि एक जना न्यायाधीश छन्। जो वचन मैले बोलें त्यसैले अन्त्यको दिनमा त्यसको न्याय गर्नेछ।* ४९ किनभने मैले आफ्नै तर्फबाट बोलिनँ, तर मैले के भन्नुपर्ने हो, र के बोल्नुपर्ने हो, मलाई पठाउनुहुने पिता आफैले मलाई आज्ञा दिनुभएको छ। ५० म जान्दछु, कि उहाँको आज्ञा अनन्त जीवन हो। यसकारण म जे बोल्दछु, पिताले मलाई भन्नुभएअनुसार बोल्दछु।" यूहन्ना १२:४७-५० (अर्थात् हामीलाई जाँच्ने वा हाम्रो मूल्याङ्कन गर्ने बाइबल हो कुनै पनि मानिस हाम्रो न्यायधिस होइन-अनुवादक)।

परमेश्वरको वचनलाई सुन्नु भनेको केवल बाइबलमा भएका जानकारीहरू एकतर्फि सुन्ने मात्र होइन मानौं कुनै सञ्चार माध्यमबाट समाचार सुनिरहेकाछौं। तर उहाँको वचन सुनेपछि उहाँको इच्छालाई पनि पालन गर्न अग्रसर हुनुपर्दछ। यो नै परमेश्वरको वचन सुनेर सक्रिय हुनु हो वा सक्रिय प्रतिक्रिया जनाउनु हो। येशूले यसरी जिकिर गर्नुभयो, " १६ तब येशूले जवाफ दिई तिनीहरूलाई भन्नुभयो, "मेरो शिक्षा मेरै होइन, तर उहाँको हो, जसले मलाई पठाउनुभयो। १७ यदि कुनै मानिसले परमेश्वरको इच्छा पालन गर्न चाहन्छ भने, मेरो शिक्षा परमेश्वरतर्फबाट हो, कि मेरो आफ्नै तर्फबाट हो सो उसले जान्नेछ। १८ जसले आफ्नै तर्फबाट बोल्दछ, उसले आफ्नै सम्मान खोज्दछ, तर जसले आफूलाई पठाउनेको सम्मान खोज्दछ, त्यो सत्य हो, र उसमा छल हुँदैन। १९ के मोशाले तिमीहरूलाई व्यवस्था दिएनन्? तर तिमीहरू कसैले त्यो व्यवस्था पालन गर्दैनौ। तिमीहरू किन मलाई मार्न खोज्दछौ?" यूहन्ना ७:१६-१९ (अर्थात् बाइबलको वचन पालन नगर्नेले येशूलाई हिजो पनि मार्न खोजेका थिए र आज पनि। यस मामिलामा पावलले यसरी व्यक्त गर्दछन् " ४ किनकि तिनीहरू, जसले एक चोटि ज्योति पाएर स्वर्गीय वरदान चाखेका छन्, र पवित्र आत्माका सहभागी भएका छन्, ५ र परमेश्वरको उत्तम वचनको र आउने युगका शक्तिको स्वाद चाखेका छन्, ६ त्यसपछि पनि विश्वास त्याग गरी तिनीहरू पतित भए भनेता तिनीहरूलाई पश्चात्ताप गर्ने स्थितिमा फेरि

ल्याउनु असम्भव छ। किनभने तिनीहरूले आफ्नै खातिर परमेश्‍वरका पुत्रलाई फेरि क्रूसमा टाँग्छन्, र खुल्लमखुल्ला उहाँको अपमान गर्छन्।" हिब्रू ६:४-६ अनुवादकको थप)।

जब हामी परमेश्वरको वचन खुला दिलले सुन्छौं र त्यस वचन अनुसार चल्दछौं त्यसले परमेश्वरलाई हामीले कतिको प्रेम गरेकाछौं भनेर देखाउँछ वा उहाँ प्रति आशक्त भएको प्रमाणित गर्दछ। येशू आफैंले खुद भन्नु भएको थियो, " २३ येशूले तिनलाई जवाफ दिई भन्नुभयो, "जसले मलाई प्रेम गर्छ, त्यसले मेरो वचन पालन गर्नेछ, र मेरा पिताले त्यसलाई प्रेम गर्नुहुनेछ, र हामी त्यसकहाँ आउनेछौं, र त्यससँग वास गर्नेछौं। २४ मलाई प्रेम नगर्नेले मेरा वचन पालन गर्दैन। जुन वचन तिमीहरू सुन्छौ, त्यो मेरो होइन, तर मलाई पठाउनुहुने पिताको हो।" यूहन्ना १४:२३-२४।

***येशू प्रति हाम्रो प्रेम र उहाँका आज्ञाहरू पालन गर्नुको बिचमा के सम्बन्ध छ? कुनै पनि "आज्ञा पालन वा अरूको वचन" अनुसार हिँड्न प्रेममा आधारित भएन भने त्यसले हामीलाई विधिवाद (लेगालिजम), संस्कारवाद, परम्पराबाद वा सनातादेखि चलि आएको भन्ने दृष्टिकोण वा धारणमा हामीलाई कसरी फसाउँछन् वा फसाइरहेको छ?***

## ५. येशूमा निरन्तर टाँसिएर बस्नु

**देहायको पद पढ्नुहोस्। यसमा हामीलाई नै चकित पार्ने, निर्णायक निर्णय गराउन, कुनै पनि मध्यम मार्गलाई नअँगाल्न र येशूको उल्लेखनीय कथनले उहाँको आधिकारितालाई कसरी पुष्टि गर्दछ? हेर्नुहोस् " अनि जब म पृथ्वीबाट उचालिन्छु, म सबै मानिसलाई आफूतिर खिँच्नेछु।" यूहन्ना १२:३२।**

यस यूहन्नाको सुसमाचारको अध्ययन पुस्तकभरी हाम्रो ध्यान येशूतिर केन्द्रित गरेको हामीले अध्ययन गर्‍यौं। तर, येशूभक्तको उपलब्धीमूलक जीवन बिताउन परमेश्वरलाई चिन्न र उहाँको इच्छा पालन गर्ने चाहना र निर्णय गर्न सक्यौं भने मात्र त्यसको फाइदा हामीले पाउन सक्छौं वा अर्थमूलक बनाउ सक्छौं। जो जो मानिसहरूले येशूको आमनेसामने आए तिनीहरूले उहाँले दिनुभएको आत्मज्ञानको ज्योतिलाई ग्रहण गरे वा अस्वीकार गरेर अन्धकारमै जाकिन निर्णय गरेका थिए। येशूको आत्मज्ञानको ज्योतिमा बढ्ने व अन्धकारमा परेर अन्धो हुने अवसर सबैलाई दिइएको थियो। देहायका मानिसहरू येशूको आमनेसामने हुँदा कि त तिनीहरू सत्यमा रहन वा सत्यवादी हुन र ज्योतिमा हिंड्न वा नहिंड्न आत्मनिर्णय आत्मनिर्णय गरेका थिए वा

गरेनन्: निकोदिमस, इनारमा पानी लिन आएकी महिला, राजकीय आधिकारिक व्यक्ति वा अगुवाहरू, बेथसैदाको जलकुण्डमा लडिरहेको पक्षाघान व्यक्ति, येशूले माछा र रोटी ख्वाउनुभएको ५००० मानिसहरू, येशूकै भाइबहिनीहरू, यहूदी धर्मका गुरु र अगुवाहरू, जन्मैदेखि अन्धो भएको मानिस, मरियम र मार्था, पिलातस आदि। येशूले सत्य र ज्योति तिनीहरूको माझमा ल्याउनुभएको थियो तर त्यस सत्य वा आत्मज्ञान र ज्योति वा मानिसको बहुआयामिक जीवनलाई परिवर्तन गर्ने ज्ञान उहाँले जबरजस्ति कसैलाई पनि घुसाउनुभएन, उहाँले प्रत्येकलाई आत्मनिर्णयकै अधिकारमा सुम्पिनु भएको थियो।

कुनै पनि धर्मशास्त्रीय ज्ञानविज्ञान, दर्शन, वाद, धारणा यदि यस संसारका बुद्धिजीवि, विद्वान, शास्त्रीहरू, दार्सनिक, धार्मिक अगुवाहरूका तर्कहरूबाट आएको हो भने त्यसले परमेश्वरको अस्तित्व र स्वभाव तिनीहरूकै निर्णयबाट जाँचपड्ताल र निर्णायक बिन्दुमा पुऱ्याउन खोज्दछ। मानवीय दृष्टकोण त्रुटीपूर्ण, कमजोरी, पतित, पूर्वाग्रहले ग्रष्त, बिडंम्बनाले भरिएको हुन्छ। ती मानिसहरूले नै पवित्र, दिव्य, सिद्ध, सर्वव्यापी, सर्वज्ञानी र सर्वशक्तिमान सनातन परमेश्वरको बारेमा जाँचेर, खोजअनसुन्धान, ध्यान, वादविवाद र तर्कवितर्क गरेर निश्कर्ष र आफ्ना निर्णयहरू प्रस्तुत गर्छन्। यस संसारबाट निर्धारित धर्मज्ञानविज्ञान, दर्शन आदिले मानिसहरूलाई गिराउँछन्, भ्रममा पार्छन्, अन्धकारमा जाकिदिन्छन् र यस जीवनको अर्थलाई बेकारको बनाइ दिन्छन्। विगतमा तिनीहरूले गरेका थिए र भविष्यमा पनि येशू नआउञ्जेल त्यो काम तिनीहरे जारि राख्नछन्। जब मानवीय दर्शन, विद्या र धर्मले परमेश्वरको चाहनालाई माथ गर्न प्रयास गर्छ तब मानिसहरूलाई जबरजस्ती झुटो धर्म, वाद, दर्शन आदिलाई मान्न लगाउँछन्। परमेश्वरको वचन र उहाँको इच्छालाई त्यागेर चल्नु भनेकै मानवीय धारणाको दास हुनु हो र यो जबरजस्ती पालन गर्न लगाउँछ। यसले मानिसको आत्मनिर्णयको स्वतन्त्रतालाई हरण गर्दछ।

**देहायका पदहरू पढ्नुहोस्। ती पदहरूमा मानिसको बहुआयामिक-आत्मिक, मानसिक र शारीरिक स्वास्थको वृद्धिको रहस्य के रहेछ भनेर खुलाउँछ। हेर्नुहोस्, " १ "साँचो दाखको बोट म हुँ, र मेरा पिता किसान हुनुहुन्छ। २ ममा हुने प्रत्येक हाँगा जसले फल फलाउँदैन उहाँले त्यसलाई छाँट्नुहुन्छ र फल फलाउने हरेक हाँगालाई झन् बढ़ी फल फलोस् भनी उहाँले छिँवल्नुहुन्छ। ३ मैले तिमीहरूलाई भनेको वचनले तिमीहरू अघि नै शुद्ध**

भइसकेका छौ। ४ *ममा रहो, र म तिमीहरूमा रहन्छु*। जसरी हाँगा दाखको बोटमा रहेन भने त्यो आफैले फल फलाउन सक्दैन, त्यसरी तिमीहरू ममा रहेनौ भने तिमीहरूले पनि सक्दैनौ। ५ "दाखको बोट म हुँ, तिमीहरूचाहिँ हाँगाहरू हौ। यदि कोही ममा रह्यो भने, र म त्यसमा रहें भने, त्यसले धेरै फल फलाउँछ, किनकि मबाट अलग रहेर तिमीहरू केही गर्न सक्दैनौ। ६ कोही मानिस ममा रहेन भने, त्यो हाँगाझैं बाहिर मिल्काइन्छ, र त्यो सुकिहाल्छ। यस्ता हाँगाहरू मानिसहरूले बटुल्छन्, र आगोमा फालिदिन्छन्, र ती जलिहाल्छन्। ७ तिमीहरू ममा रह्यौ भने, र मेरा कुरा तिमीहरूमा रहे भने, तिमीहरूलाई जे इच्छा लाग्छ माग, र त्यो तिमीहरूका निम्ति गरिनेछ। ८ तिमीहरूले धेरै फल फलाएर मेरा चेला हौ भन्ने प्रमाणित गर्‍यौ भने यसैमा मेरा पिताको महिमा हुनेछ। ९ "पिताले जसरी मलाई प्रेम गर्नुभएको छ, मैले पनि तिमीहरूलाई प्रेम गरेको छु। तिमीहरू मेरो प्रेममा रहो। १० यदि मेरा आज्ञाहरू पालन गर्‍यौ भने तिमीहरू मेरो प्रेममा रहनेछौ, जसरी मैले मेरा पिताका आज्ञाहरू पालन गरेको छु र उहाँको प्रेममा रहन्छु। ११ मैले यी कुरा तिमीहरूलाई यसैकारण भनेको छु, कि मेरो आनन्द तिमीहरूमा होस्, र तिमीहरूको आनन्द भरिपूर्ण होस्। १२ "मेरो आज्ञा यही हो, कि मैले तिमीहरूलाई जसरी प्रेम गरें, तिमीहरूले एक-अर्कालाई त्यसरी नै प्रेम गर। १३ आफ्ना मित्रहरूका लागि आफ्नो प्राण अर्पण गरिदिनुभन्दा ठूलो प्रेम अरू कसैको हुँदैन। १४ म तिमीहरूलाई जे आज्ञा गर्दछु, ती तिमीहरूले गर्‍यौ भने, तिमीहरू मेरा मित्र हौ। १५ अबदेखि म तिमीहरूलाई नोकर वा दास भन्दिनँ, किनकि त्यसका मालिकले के गर्दछ नोकरले जान्दैन। तर मैले तिमीहरूलाई मित्र भनेको छु, किनभने जे मैले मेरा पिताबाट सुनें, मैले ती सबै तिमीहरूलाई जनाइदिएको छु। १६ मलाई तिमीहरूले चुनेनौ, तर मैले तिमीहरूलाई चुनें र तिमीहरूलाई नियुक्त गरें, कि तिमीहरू जाओ, र फल फलाओ, अनि तिमीहरूको फल रहिरहोस्। यसैले तिमीहरूले पितासँग मेरो नाउँमा जे मागौला, उहाँले तिमीहरूलाई सो दिनुहुनेछ। १७ म तिमीहरूलाई यो आज्ञा दिँदछु, कि तिमीहरूले एक-अर्कालाई प्रेम गर। १८ "यदि संसारले तिमीहरूलाई घृणा गर्दछ भने, तिमीहरू जान, कि तिमीहरूलाई घृणा गर्न अघि त्यसले मलाई घृणा गरेको हो। १९ यदि तिमीहरू यस संसारका हुँदा हौ त संसारले तिमीहरूलाई आफन्त ठानी माया गर्नेथियो। तर तिमीहरू यस संसारका होइनौ। तिमीहरूलाई संसारबाट मैले चुनें, यसैकारण संसारले तिमीहरूलाई घृणा गर्दछ।" यूहन्ना १५:१-१९।

स्वस्थ आत्मिक, मानसिक र शारीरिक जीवन बिताउने रहस्य नै येशूमा टाँसेर वा संयोजन गरेर जीवन बिताउनु हो। उहाँ नै परमेश्वरको वचन हो, जीवनको रोट, संसारको ज्योति, भेँडाहरूका ढोक, सत्य र जीवन, असल गोठालो वा अगुवा, पुनरुत्थान र जीवन, मार्ग र असली वा सक्कल बिरुवा, बोट वा रुख हुनुहुन्छ।

त्रीएक परमेश्वरका सदस्यहरू र तिनीहरूका वचन वा बाइबल चुम्बकहरू जस्तै छ। यदि हामीले तिनीहरूको प्रतिकार गरेनौं भने तिनीहरूले हामीलाई तिनीहरूतिर खिँच्दछ। "परमेश्वरको आवाज वा लवज उहाँको वचनद्वारा हामीलाई बोलिरहन्छ। यस संसारमा धेरै आवाजहरू छन् जुन हामीले सुनिरहेकाछौं। तर तिनीहरूबाट सतर्क हुन ख्रीष्टले हामीलाई चेतावनी दिनुभएको छ। तिनीहरूले यहाँ ख्रीष्ट छन्, त्यहाँ ख्रीष्ट छन्, यहाँ भगवान वा जगतगुरु छन्, त्यहाँ भगवान वा जगतगुरु छन्, यहाँ उद्धारकर्ता वा स्वतन्त्र सेनानी छन् त्यहाँ उद्धारकर्ता वा स्वतन्त्र सेनानी छन्, यहाँ मसीह छन् त्यहाँ मसीह छन् भनेर हामीलाई भ्रममा पार्न खोज्दछन्। तिनीहरूमा सत्य छ कि छैन भनेर हामीले कसरी थाहा पाउने, यदि ती सबै धर्मशास्त्र बाइबल अनुसार हेरिएन भने?"-एलेन जी. ह्वाइट, *द एडभेन्ट रिभ्यु एण्ड साबथ हेराल्ड,* अप्रिल ३,१८८८ (रूपान्तरित)।

***अनि हामी पनि परमेश्वरकै वचनमा प्रस्तुत गरेका दृष्टिकोणहरूमा समर्पित हुनु अपरिहार्य छ भनेर निर्णय गर्नै पर्छ।***

## उपसंहारः

**थप जानकारीः** संसारको र हाम्रा मानवीय दृष्टिकोणभन्दा परमेश्वरको दृष्टिकोण अथाह फरक छ। उहाँको वचनद्वारा परमेश्वरले उहाँको दृष्टिकोण हामीलाई बाँड्नुहुन्छ। त्यो दृष्टिकोण पवित्र आत्माद्वारा प्रेरित बाइबलद्वारा हामीलाई बाँड्नु वा श्यर गर्नुहुन्छ। परमेश्वरको वचनमा प्रकट गरेको येशूद्वारा आएको ज्योतिमा हामी हिँड्ने हो कि वा अन्धकारमै जाकिएर हाम्रो जीवनको स्वादलाई निरर्थक मानेर होमिनु, यो आत्मनिर्णय हाम्रै हो, यस संसार र सैतानको चाला अनुसार परमेश्वरले उहाँको इच्छा, मूल्यमान्यता र विद्या जबरजस्ति लाद्नु हुन्न।

यसको अभिन्न भाग भनेको हामीले आफ्नै व्यक्तिगत जीवनलाई परमेश्वरका पुत्र र मानव जीवनका उद्धारकर्ता येशू ख्रीष्टमा समर्पण गरेर चल्नु हो। पवित्र आत्माको शक्तिले परमेश्वर पिताले येशूको जीवन, मृत्यु र पुनरुत्थानद्वारा उहाँको गहिरी प्रेमलाई प्रकट गर्नुभएको छ। हामीलाई येशूको

बारेमा थाहा छ किनकि उहाँको जीवन, मृत्यु र पुनरुत्थान पवित्र धर्मशास्त्र बाइबलमा लेखा राखिएको छ।

"परमेश्वरका स्वर्गदूतहरू पृथ्वीबाट स्वर्ग र स्वर्गबाट पृथ्वीमा ओहोर दोहोर गर्दछन्। दुःख, कष्ट र आपदमा परेकाहरूलाई गर्नुहुने ख्रीष्टका अलौकिक कामहरू परमेश्वरको शक्ति र स्वर्गदूतहरूका सेवाकार्यले सम्पन्न गरिरहेको हुन्छ। उहाँका स्वर्गदूतका सन्देशवाहकका सेवाकार्यहरूद्वारा परमेश्वरले दिनुहुने प्रत्येक आशिष ख्रीष्टद्वारा हामीलाई उपलब्ध गराउनुहुन्छ। आफूलाई मानव चोलामा पार्नुभएर हाम्रो मुक्तिदाताले उहाँका रुचिहरूलाई आदमका पतित छोरा र छोरीहरू एकै ठाउँमा राख्नुहुन्छ। यसरी येशू ख्रीष्ट परमेश्वर र मानिसको बिचमा संवाद गर्ने माध्यम हुनुभएको छ। मानिसहरूसँग सम्बन्ध जारि राख्न सक्रिय भूमिका येशूले नै खेलिरहेको हुन्छ।"–*द डिजाएर अभ एजेज,* पृ. १४३।

**चिन्तनमनन:**

**अ. यूहन्नाको पुस्तकमा लेखिएका सबै कथाहरूमा परमेश्वरको प्रेम र चरित्रको बारेमा बुलन्द आवाज कुन कथाले उठाउँदछ?**

**आ. व्यवहारिक रूपमा भन्नुपर्दा, हामीले सत्यलाई कसरी खोजि गर्ने?**

**इ. सत्यको पकडमा हामी रहन हाम्रो स्वार्थ, भाउ खोज्ने प्रवृत्तिलाई त्यागन कित कठिन छ? के हाम्रो स्वार्थलाई पूरै त्यागना सक्छ त? के हाम्रो मानवीय धारणा, शिक्षादीक्षा, दर्शन, वाद आदिले हामीलाई प्रभाव पारिरहेकाछन् त? परमेश्वरको वचनमा समर्पित जीवन बिताउन हाम्रा जीवनका हाम्रा सबै पूर्वाग्रहहहरू त्यागेर नम्र हुनु किन आवश्यक छ?**

**ई. पाश्चात्य इसाई धर्मको इतिहास येशूभक्त शहीदहरूको रगतले छ्यापछ्याप्ति भरिएको छ। यो भवाभव परिस्थिति किन उब्ज्यो भन्दा परमेश्वरको वचनलाई राजनैतिक, पूर्वाग्रहले अभिप्रेरित मानवीय अगुवा वा धर्मगुरुहरूकै कारणले हो। बाइबललाई व्याख्या गर्न मानवी दृष्टिकोण कतिको खतरा रहेछ भन्ने ज्वलन्त उदाहरणहरू के तपाईंलाई थाहा छ? त्यसबाट हामीले के सिक्न सक्दछौं? धर्मभन्दा बाइबलको मर्म किन महत्त्वपूर्ण छ?**

**ई. यूहन्नाको सुसमाचारमा दिएको वृहत चित्रलाई तपाईंले आफ्नै शब्दहरूद्वारा समिक्षा गर्नुहोस्। वर्तमान युगमा हाम्रो निम्ति मुख्य सन्देश के हो?**

## कथा १३
## अलास्का गाउँको साँचो

जीम किनकेड अमेरिकाको अलास्का राज्यको दुर्गम क्षेत्रमा एक गाउँदेखि अर्को गाउँमा हवाइ जहाज उडाउँछन्। तर त्यो काम जोखिम पूर्ण थियो। तैपनि उनी सुसमाचारीय काम गर्न अभिप्रेरित भएका थिए। एक जङ्गलबाट अर्को जङ्गलमा जान त्यस्तो गाऱ्हो त थिएन तर अलास्काको कतिपय बासिन्दाहरूले सुसमाचारप्रति चासो नदेखाएकोले उनको निम्ति चुनौतिपूर्ण थियो।

एक दिन जीमले आफ्नो सानो हवाइ जहाज फेयरबाँक्सको १५० माइल परको उत्तर सहरमा बिसाए। उनले बाइब र अरू इसाई साहित्यहरू बेच्ने प्रचारकलाई लगेको थियो। जब जहाज अवतरण भयो तब त्यस जहाजको वरिपरि सबै ठाउँमा जाने गाडीहरूले घेरे। त्यहाँका मानिसहरू जीम र सुसमाचार प्रचारक आएकोले खुशी देखिएका थिएनन्। "तपाईंहरू को हुनुहुन्छ?" एक जनाले सोधे। "तपाईंहरू यहाँ किन आउनुभयो?" अर्कोले सोधे। त्यस क्षणमा जीमले एक जना मानिसको नाउँ सम्झे। त्यस मानिस फेयरबाँकमा जीमको एक वा दुई सुसमाचारीय कार्यक्रममा सरिक भएका थिए। जीमले गाउँका अगुवाहरूतिर आँखा लगाए। "के रोबर्ट फ्रान्क यहाँ हुनुहुन्छ?" उनले सोधे। उनको त्यो प्रश्नले ती रिसाएर घेरा हालेका मानिसहरूको अनुहार तुरन्तै परिवर्तन भयो। तिनीहरूले जीम र साथीलाई उत्सुक देखाएर सत्कार गर्न थाले। "तपाईंलाई रोबर्ट फ्राङ्कलाई चिन्नुहुन्छ हो?" एक जनाले सोधे। "हामीले तपाईंलाई उहाँकहाँ लैजानेछौं!" अर्कोले भन्यो। जिमलाई रोबर्टकहाँ लगे। यसो हेर्दा त्यस गाउँको साँचो रोबर्टसङ्ग रहेको थियो भनेर देखिन्थ्यो।

जब जीम आइपुगे रोबर्ट खाना खाँदै थियो, दुर्भाग्यवस उनले पाइलट जीमलाई तुरन्तै चिन्न सकेनन्। जीमले आफूसँग रोबर्टको भेटघाटको बारेमा याद दिलाए। अनि रोबर्टले सम्झे, तर उनले जीमलाई हार्दिक स्वागत गरे। जीमलाई भालुको  ताजा मासुको टुक्रा खान दिए। यसरी जीम र साहित्य बेच्ने सुसमाचार प्रचारकले नयाँ गाउँमा भित्रिन अवसर पाए। नत्रभने त्यस गाउँमा तिनीहरू बस्न असम्भव थियो। केवल एक जनाको मात्र नाउँले गर्दा तिनीहरू त्यस गाउँमा काम गर्न सकेका थिए। येशूलाई मानिसहरूका नाउँ

थाहा छ। येशूले भन्नुभएको थियो, असल गोठालोले आफ्ना भेँडाहरूलाई तिनीहरूको नाउँले बोलाउँछन् र तिनीहरूलाई अगुवाइ गर्छ। यूहन्ना १०:३। यदि येशूलाई नाउँ थाहा छ भने उनका अनुयायीहरूले पनि उहाँको अनुसरण गरेर नाउँ याद गर्नुहुन्न र?

"गाउँको कोही मानिसलाई चिन्यो भने वा गाउँको कुनै मानिसको नाउ मात्र थाहा पाएको भए तपाईं सारा गाउँलेहरूसँग मिल्न सक्छन्। यो त संस्कार नै हो। यदि तपाईंलाई कसैको नाउँ थाहा छ भने तपाईंको निम्ति धेरै फाइदा हुन्छ," जीमले यस लेखकलाई सुनाए।